# जिल्ला प्रशासन कार्यालय, डोटी

## संघसंस्था प्रारुप (प्रोफाइल)

२०८१ असार २४ गते

प्र.जि.अ.

## अध्याय-१

### १. डोटी जिल्लाको परिचय

डोटी जिल्ला नेपालको सुदूरपश्चिम प्रदेशमारहेको पहाडी जिल्ला हो। प्राकृतिक सम्पदातथा धार्मिक स्थलहरु र संस्कृतिले डोटी सम्पन्न छ । साथै यो जिल्ला भौगोलिक, जैविक, सामाजिक, साँस्कृतिक विविधतायुक्त छ। जिल्लाको परिचय निम्नानुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

### १.१ संक्षिप्त ऐतिहासिक पृष्ठभूमि :

१३औं शताब्दी तिर निरञ्जन मल्लद्धारा स्थापित डोटी राज्य नेपालमा गाभिनु पूर्वसम्म शक्तिशाली राज्यको रुपमा रहेको देखिन्छ । १८४६ मा गोर्खाली फौजसँगको पराजय पश्चात नेपाल राज्यमा गाभिए देखि २००७ साल पूर्वसम्म राणाकालीन समयमा पश्चिम कमाण्डिङ जर्नेलद्धारा प्रशासित र २००७ सालपछि मुलुकमा आन्तरिक व्यवस्था सञ्चालनका लागि पहिलो पटक केन्द्रमा गृह मन्त्रालय मातहत गौंडा/गोश्वारा र मुख्य प्रशासकीय अधिकारीको रुपमा बडाहाकिमको व्यवस्था भए बमोजिम डोटी गौंडाको रुपमा यस जिल्लाबाट कार्यसम्पादन हुँदै आएको थियो ।२०१७ सालको परिवर्तन र २०१८ सालमा मुलुकलाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपश्चात् डोटी सेती अञ्चलको छुट्टै जिल्लाको रुपमा रहेको पाइन्छ।

### १.२ भौगोलिक अवस्थिति तथा जलवायु :

साविकमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने डोटी जिल्ला हाल सुदूर पश्चिम प्रदेशमा पर्दछ । सिलगढीमा जिल्ला सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ, बाजुरा तथा दक्षिणमा कैलाली जिल्लाहरु रहेका छन् ।

जिल्ला समुद्र सतहदेखि ६०० मिटर देखि ३४३० मिटरको उचाईमा रहेको छ । भौगोलिक असमानता र विविधताका कारण यहाँको हावापानीमा विषमता पाईन्छ । यस जिल्लाको ६०% भू-भाग समशीतोष्ण, १७% भू-भाग अर्धोष्ण र २३% भू-भाग शित प्रदेसमा पर्दछ । यस जिल्लामा औषत वार्षिक १३४.७ मिलिमिटर वर्षा हुन्छ ।

डोटी जिल्ला २८.५२° उत्तरी अक्षांश देखि २९.२८° उत्तरी अक्षांशसम्म तथा ८०.३०° पूर्वी देशान्तर देखि ८१.१४° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लामा अधिकतम तापक्रम दिपायलमा ४४°C देखि न्यूनतम तापक्रम ०.२°C खपड क्षेत्रमा हुने गर्दछ । यसजिल्लाकोजम्माक्षेत्रफल२०२५वर्गकि,मि,रहेकोछ। यो जिल्लाको अधिकांश भू-भाग पहाडी क्षेत्रमा रहेको छ । यस जिल्लाको उत्तरी क्षेत्रमा रहेको भु-भाग र चुरे

प्र.जि.अ.

पूर्वतिरका भू-भाग जङ्गलले ढाकेको छ । अधिकांश भू-भाग बढी भिरालो धरातल तथा कडा चट्टान र बालुवाले बनेकोले छ । साथै यो क्षेत्र भौगोलिक दृष्टिकोणबाट पनि अति संवेदनशील मानिन्छ ।

२०७८ को जनगणनाअनुसार यहाँ २०४८३१ मानिसहरू बसोबास गर्दछन्, जसअनुसार यहाँको जनघनत्व १०१ प्रति वर्ग किलोमिटर हुन आउँछ छन् जहाँ औसत वार्षिक १३४.७ मिलिमिटर मात्र वर्षा हुन्छ । महिला ६०.९% तथा पुरुष ८२.९% साक्षर रहेको यस जिल्लाको कुल साक्षरता ७०.७% छ । यहाँस्थित डोटी क्याम्पसमा स्नातकोत्तरसम्मको पढाई हुन्छ ।

१.५ साक्षरतादर:

राष्ट्रिय जनगणना २०७८ अनुसार यस डोटी जिल्लाका ७ वटा गाउँपालिका तथा २ नगरपालिकामध्ये जोरायल गाउँपालिकाको साक्षरता दर सर्वभन्दा उच्च ७७.८% रहेको छ भने सबै भन्दा न्युन साक्षरता दर सायल गाउँपालिकाको ६२.१% रहेकोछ । यस जिल्लाका गाउँपालिका र नगरपालिकाहरुको साक्षरता विवरण निम्नानुसार रहेकोछ । त्यसैगरी दिपायल सिलगढी न.पा. ७३.३%, बढीकेदार गा.पा. ७६.१%, बोगटान गा.पा. २०२७०.४%, शिखर न.पा. ६९.०%, के.आई.सि. गा.पा. ६९.५%, पूर्वीचौकी गा.पा. ६७.९%, आदर्श गाउँपालिका ६७.०%, रहेको छ ।

१.३ राजनैतिक अवस्था:

एउटा मात्र प्रतिनिधिसभा तथा दुईवटा प्रदेश सभा निर्वाचन क्षेत्रहरु रहेको यस जिल्लामा निम्नानुसारका २ वटा नगरपालिकाहरु र ७ वटा गाउँपालिकाहरु रहेका छन् ।

| क्र.सं. | स्थानीय तहको नाम | वडा संख्या | केन्द्र | क्षेत्रफल (वर्ग कि.मी.) | जनसंख्या २०७८ |
|---|---|---|---|---|---|
| १. | दिपायल सिलगढी नगरपालिका | ९ | सिलगढी | १६२.६२ | ३३,३६६ |
| २. | शिखर नगरपालिका | ११ | साङ्गकोट | २८५.३९ | ३०,३९९ |
| ३. | जोरायल गाउँपालिका | ६ | सरस्वती नगर | ४१९.०९ | ११,८८८ |
| ४. | बढिकेदार गाउँपालिका | ५ | बाईन | ३३२.५५ | १४,१०२ |
| ५. | बोगटान फुड्सिल गाउँपालिका | ७ | घनश्यामचौतारा | ३२२.०० | १५,५४७ |
| ६. | के.आई.सिं गाउँपालिका | ७ | दुर्गामाण्डौं/बायल | १२७.०१ | २०,७३६ |
| ७. | सायल गाउँपालिका | ६ | दुडुलीधारा | १२२.७२ | १०,७५६ |
| ८. | आदर्श गाउँपालिका | ७ | कालिकास्थान | १२८.४७ | २४,४२५ |
| ९. | पूर्वीचौकी गाउँपालिका | ७ | सानागाउँ | ११७.६६ | २१,४९४ |

१.४ भाषा रधर्म :

जतजाडोटी जिल्लामा जातीय, भाषिक रधार्मिक क्षेत्रमा विविधता पाईन्छ । यस जिल्लामा अधिकांश हिन्दु धर्मावलम्बी भए पनि बौद्ध, ईसाई तथा अन्य धर्मावलम्बिहरु पनि बसोबास गर्दछन । २०७८सालको जनगणना अनुसार यहाँको धार्मिक संरचना निम्नानुसारको रहेको छ ।

| क्र.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दु | ९९.०% |
| २. | बौद्ध | ०.७% |
| ३. | इस्लाम | ०.१% |
| ४. | क्रिश्चियन | ०.१% |
| ५. | प्रकृति | ०.१% |
| ६. | अन्य (किरात, जैन, बहाईसमेत) | ०.०१०% |

त्यसैगरी मातृ भाषा बोल्नेहरुको जनसंख्या हेर्दा डोटयाली ९०.०६ प्रतिशत, नेपाली ७.४२ प्रतिशत, मगर ०.९८ प्रतिशत, खाम ०.४२ प्रतिशत, ०.१८ प्रतिशत बैतडेली प्रमुख मातृभाषा का रुपमा रहेका छन् र बाँकी ०.०४ प्रतिशत अन्य मातृभाषा यस जिल्लामा बोलिदै आएको छ ।

१.६ जातजाती अवस्था :

राष्ट्रिय जनगणना, २०७८अनुसार यस डोटी जिल्लामा ३२ वटा जातजाती र २६ मातृ भाषिहरुको बसोबास रहेको छ । यस जिल्लाका प्रमुख जातजातिहरू निम्नानुसार छन्:

| क्र.सं. | जातजातिको नाम | प्रतिशत |
|---|---|---|
| १. | क्षेत्री | ४९.९३% |
| २. | विश्वकर्मा/कामी | ११.६७% |
| ३. | ब्राह्मण/पहाड-लगाई | ६.७८% |
| ४. | परियार/दमाई | ७.०७% |
| ५. | ठकुरी | ३.५०% |
| ६. | मगर | ३.५५% |
| ७. | मिजार/सार्की | ५.२७% |
| ८. | ठकुरी | ३.३५% |
| ९. | नेवा/नेवार | ०.२९% |
| १०. | अन्य (गुरुङ, तामाङ राई, थारु, बादी आदि) | ५.४% |

## डोटी जिल्लाको नक्सा



## अध्याय-२

२. पृष्ठभूमि

"संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथापरोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएकोसंघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सोशब्दले मैत्री संघ समेतलाई जनाउँछ (संघ संस्था दर्ता ऐन २०३४को दफा २) । नेपालमा गैर सरकारी संघ संस्थाहरु टोलस्तर देखि राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरसम्म विभिन्न सामाजिक सेवामा क्रियाशिल रहेका छन् । संघ र संस्था खोल्ने नागरिक स्वतन्त्रतालाई सुनिश्चित गरी गैर सरकारी क्षेत्रमा स्थापनाहुन चाहने समुहले संस्था निर्माण गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी निर्धारित उद्देश्य प्राप्तिका लागि कार्यगर्न सक्छन् । संस्था मार्फत मुनाफा रहित तवरले सामाजिक सेवा गर्नुपर्ने हुन्छ ।

सामाजिक तथा नागरिक समाजका संस्थाहरुलाई सामाजिक, पर्यावरणीय तथा नागरिकअधिकार आदि सेवामा केन्द्रित गरी सेवा प्रवाह गर्नु पर्छ । व्यवस्थापनको नियमन गर्न, त्यस्ता संस्थाहरुले सम्पादन गर्ने काम, कारवाईलाई जवाफदेही र पारदर्शीबनाउन विभिन्न ऐन र नियमावलीहरु लागू भएका छन । सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न संघ संस्था दर्ता ऐन २०३४ लागूभई कार्यान्वयनमा आएको छ ।संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले संघ संस्था दर्ता नियमावली २०३४ (आठौं संशोधन) लागू गरिएको छ ।

देशमा छरपष्ट भएर रहेका गै.स.स.हरुलाई गोलबद्ध गरी सामुहिक रुपमा हातेमालो गर्दै गै.स.स. महासंघ र जिल्ला स्तरमा गै.स.स. महासंघ जिल्ला शाखाहरु गठन गरिएका छन । जिल्ला प्रशासन कार्यालय डोटीमा हाल सम्म ७४८ वटा गैर सरकारी संस्थाहरु दर्ता भएका छन । जसमध्ये ४३१ संस्थाहरु खारेज भएका छन् । त्यसैगरी चालु आर्थिक वर्ष २०८०-०८१मा २७ संस्थाहरु दर्ता भएका छन् । डोटी जिल्लाको सन्दर्भमा अधिकांश गैर सरकारी संस्थाहरु दर्ता पश्चात् निरन्तर रुपमा सकृय भई कार्य गरेको देखिदैन ।

जिल्लामा सामाजिक विकासको कार्यमा समर्पित गैससहरुकोअद्यावधिक तथ्याङ्क र ती संस्थाहरुले गरेका सामाजिक सेवाका कार्यहरु समावेश गरीसूचनामूलक विवरणयस प्रोफाइलमा समेट्ने जमर्को गरिएको छ । जसमा मूलत: गैससका परिकल्पना, लक्ष्य, उद्देश्य, कार्यक्षेत्र, संचालित कार्यक्रमहरु, कार्यक्रम संचालन पद्धिका सफलताहरु, जनशक्ति र चुनौतिहरुलाई समावेश गरिएकोछ ।

३. संस्थाको विवरण

३.१ संस्थाको हालसम्मको दर्ता विवरण

डोटी जिल्लामा सर्वभन्दा पहिले डोटी युवा क्लब नामक संस्था दर्ता भएको पाइएको छ । उक्त संस्था युवाहरुको हक हितमा काम गर्ने उदेश्यका साथ १-२०४२/०८/०२ सालमा दर्ता भएको थियो । हाल उक्त संस्था खारेज भइसकेको छ । हालसम्म यस जिल्ला प्रशासन कार्यालय डोटीमा दर्ता भएका गैर सरकारी संस्थाहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | विवरण | कुल संख्या | अवधी | कैफियत |
|---|---|---|---|---|
| १ | दर्ता भएका जम्मा संस्था संख्या | ७४८ | हालसम्म | |

३.२ दर्ता भई सञ्चालनमा रहेका ३१६ संस्थाहरुको उद्देश्य अनुसारको वर्गीकरण

१. धार्मिक – ६५
२. मानवीय सेवा/समाज सेवा – १०२
३. आय आर्जन – ९
४. संघ/संगठन – २४
५. पर्यटन प्रवर्द्धन – ७
६. शिक्षा, स्वास्थ्य/संस्कृति प्रवर्द्धन – ७३
७. खेलकुद – ११
८. वन संरक्षण – १०
९. संचार – ९
१०. कोष – ३
११. पुस्तकालय - ३

स.प्र.जि.अ.

३.२ गत आर्थिक वर्ष २०७९-०८० मा दर्ता भएका संस्थाहरुको विवरण

गत वर्ष २०७९-०८० मा प्रकृया पुरागरी दर्ता भएका संस्थाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.स. | संस्थाको नाम | ठेगाना | दर्ता नं./मिति | संस्थापक | उद्देश्य | नविकरण अवधी |
|---|---|---|---|---|---|---|
| १ | डोटी टेन्टइक्युपमेन्ट व्यवसायी संघ | दि.सि.न.पा. ४ | 703/2079/04/08 | अध्यक्ष भेलबहादुर खड्का | टेन्ट इक्युपमेन्ट व्यवसायीहरुको हक हित संरक्षण | २०८०असार मसान्त |
| २ | श्री पञ्चमुखी महादेवमन्दिर संरक्षण समिति | दि.सि.न.पा. ४ | 704/2079/04/10 | अध्यक्ष शंकर बहादुरकठायत | धर्मसंस्कृतिको रक्षा | २०८०असार मसान्त |
| ३ | श्री सृजनशील जनसमूह | जोरायल गा.पा. ३ | 705/2079/04/20 | अध्यक्ष मिन बहादुर जोशी | समाजसेवा | २०८०असार मसान्त |
| ४ | श्री सुखी समाज दिपायल | दि.सि.न.पा. ४ | 706/2079/05/30 | अध्यक्ष बैजनाथ महतो | जनजातीउत्थान | २०८०असार मसान्त |
| ५ | टेक्ना राजपुर क्रिकेटक्लब | दि.सि.न.पा. ४ | 707/2079/06/27 | अध्यक्ष सुरेश जोशी | खेलकुदक्षेत्रकोविकास | २०८०असार मसान्त |
| ६ | समुन्नत जनसंख्याव्यवस्थापन डोटी | जोरायल गा.पा.२ | 708/2079/07/06 | अध्यक्ष प्रेम बहादुररावल | [illegible] व्यवस्थापन | २०८०असार मसान्त |
| ७ | श्री [illegible] युवामण्डल | पुर्विचौकी गा.पा. १ | 709/2079/08/28 | अध्यक्ष गोपाल बुढाथोकी | [illegible] विकास | २०८०असार मसान्त |
| ८ | श्री दुधधारी शिवमन्दिर | दि.सि.न.पा.६ | 710/2079/09/06 | अध्यक्ष बाबु [illegible] | कुलदेवताको पुजा आजा गर्ने | २०८०असार मसान्त |
| ९ | श्री महाकाल क्षेत्रविकास समिति | शिखर न.पा. १० | 711-2079/09/18 | अध्यक्ष दुर्गा प्रसादरोकाया | महाकालक्षेत्रको विकास गर्ने | २०८०असार मसान्त |
| १० | शान्ती सुराक्ष युवा क्लब | जोरायल गा.पा. ६ | 712-2079/09/25 | अध्यक्ष सुशिला बोहरा | वातावरण,शिक्षा स्वास्थ्य क्षेत्रमा जनचेतना फैलाउने | २०८०असार मसान्त |
| ११ | गौरा पर्व प्रवर्धनविकास समिति | के आइ सिंह गा.पा.6 | 713-2079/09/29 | राम चन्द्र जोशी | गौरापर्वको प्रवर्धन र विकास | २०८०असार मसान्त |
| १२ | शहिद [illegible] स्मृति प्रतिष्ठान | सायल गा.पा. ५ | 714-2079/09/29 | जय बहादुर सिंह | शहिदको सम्मान | २०८०असार मसान्त |
| १३ | [illegible] महिला विकास समाज | जोरायल गा.पा. ६ | 715-2079/10/29 | [illegible] देवी बोहरा | महिला विकाससम्बन्धी | २०८०असार मसान्त |
| १४ | नमस्ते सुदुरपश्चिम | दि.सि.न.पा. ३ | 716-2079/11/08 | शैलेन्द्र खड्का | नागरिकहरुको क्षेत्रमा काम गर्ने | २०८०असार मसान्त |

प्र.प्र.अ.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | महमान्डी विकाससमिति | शिखर न.पा.९ | 717-2079/11/07 | मान बहादुर रेग्माई | धार्मिक,सांस्कृति उत्थान | २०८०असार मसान्त |
| १६ | कनकेला महिला संघशिखर १डोटी | शिखर न.पा.९ | 718-2079/11/19 | राधा फुलारा | महिलाउत्थान | २०८०असार मसान्त |
| १७ | मिलन स्टार युवा क्लब | दि.शि.न.पा. ६ | 719-2079/12/12 | खेलकुदको विकास | हिक्मतमलासी | २०८०असार मसान्त |
| १८ | फि युनाईटेड युवानेपाल | दि.शि.न.पा. ६ | 720-2080/01/07 | खेलकुद,स्वास्थ्यको विकास | अर्जुनमलासी | २०८०असार मसान्त |
| १९ | जोरायल कला,भाषा,साहित्य समाज | जोरायल गा.पा. ३ | 721-2080/03/05 | कला भाषा साहित्यको विकास | निर्मल बस्ती | २०८०असार मसान्त |

३.३ चालु आर्थिक वर्ष २०८०-०८१ को अहिलेसम्म दर्ता भएका संस्थाहरुको विवरण

| क्र.स | संस्थाको नाम | ठेगाना | दर्ता नं/मिति | संस्थापक | उद्देश्य | नविकरण अवधि |
|---|---|---|---|---|---|---|
| १ | साटा मनैरे क्षेत्र विकास समिति | शिखर न.पा.-९ | ७२२-२०८०/०४/०७ | जयराज परेल | मन्दिरको संरक्षण र कृषि क्षेत्रको विकास गर्ने | २०८१ असारसम्म |
| २ | समता विकास नेपाल | पूर्वीचौकी गा.पा.-४ | ७२३-२०८०/०४/३० | सन्तोष कुमार वि.क. | जातीय विभेदको अन्त्य र मानव अधिकारको संरक्षण | २०८१ असारसम्म |
| ३ | शिर्षमाण्डु माल्नेखोला मालिका मन्दिर | सायल गा.पा.-१ | ७२४-२०८०/०५/१५ | चिर बहादुर थापा | मन्दिरको संरक्षण जस्ता कार्य | २०८१ असारसम्म |
| ४ | दिपेश्वर स्पोर्टस क्लब | दि.शि.न.पा.-२ | ७२५-२०८०/०५/१७ | रोहित माझि | खेल क्षेत्रको विकास गर्ने | २०८१ असारसम्म |
| ५ | ओखल्डेउ दानेश्वरी डोका विकास समिति | शिखर न.पा.-९ | ७२६-२०८०/०५/१९ | वेदराज भट्ट | धर्म संस्कृति संरक्षण र कुरीति कुसंस्कार हटाई सामाजिक रुपान्तरण | २०८१ असारसम्म |
| ६ | रतुकाँडा युवा क्लब | बडिकेदार गा.पा.-४ | ७२७-२०८०/०५/२२ | विशाल साही | पछाडी परेका वर्गको शैक्षिक विकास र सामाजिक विकृती विरुद्धहित | २०८१ असारसम्म |
| ७ | श्री प्रज्ञा बाल तथा युवा मैत्री सामुदायिक पुस्तकालय | शिखर न.पा.-४ | ७२८-२०८०/०५/२७ | सितारा जोशी | ज्ञानविना रोकेका बालबालिका तथा युवायुवतीहरुको समयको सदुपयोग गर्ने बानीको विकास र स्थानीय भाषा | २०८१ असारसम्म |

रा.प्र.जि.अ.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | साहित्य संस्कृतिको प्रचार प्रसार | | |
| ८ | श्री केदार शिवजि संरक्षण | कोनटान कुदिवाल गा.पा.-१ | ७२९-२०८०/०६/२२ | मोहन ब. बम | स्थानीय संस्कृतिका संरक्षण, धार्मिक स्थलहरूको जगेर्ना, अध्ययन अनुसन्धान र सामाजिक सुधार | २०८१ आषाढसम्म | |
| ९ | श्री छत्रडी देवल भण्डार समिति | के.आई.सिंह गा.पा.-४ | ७३०-२०८०/०८/१० | शिवराज जोशी | धार्मिक तथा संस्था, परम्परा संस्कार, संस्कृति तथा चालचलन जगेर्ना गर्ने | २०८१ आषाढसम्म | |
| १० | श्री दुर्गा देवी भण्डार समिति | | ७३१-२०८०/०८/१० | रमेश क्षत्री | धर्म संस्कृति परम्पराको रक्षा | २०८१ आषाढसम्म | |
| ११ | श्री खाना केदार युवा क्लब | बड्डिकेदार गा.पा.-२ | ७३२-२०८०/०९/२२ | टेकेन्द्र साउद | खेलकुदको विकास र सामाजिक कार्य गर्ने | २०८१ आषाढसम्म | |
| १२ | ढुंगा केदार युवा क्लब | बड्डीकेदार गा.पा.-२ | ७३३-२०८०/०९/२२ | अनिल अधिकारी | दलित असहाय महिलाको उत्थान जस्ता कार्यक्रम | २०८१ आषाढसम्म | |
| १३ | के.आई.सिंह स्मृति प्रतिष्ठान, नेपाल | के.आई.सिंह गा.पा.-१ | ७३४-२०८०/१०/११ | मोहन शाही | विभिन्न धर्म जातजाति सम्प्रदाय र भाषा भाषीहरूका बिचमा सुमधुर सम्बन्ध एवम् र डा. के.आई.सिंह जीवनीबारे खोज अध्ययन अनुसन्धान | २०८१ आषाढसम्म | |
| १४ | महिला उद्यमी संघ, नेपाल | दि.सि.न.पा.-३ | ७३५-२०८०/१०/११ | जानकी भट्ट | उद्योग तथा व्यापार व्यवसाय संचालन गर्ने र महिलाहरूको उत्थानको लागी कार्यक्रम संचालन गर्ने | २०८१ आषाढसम्म | |
| १५ | शहिद स्मृति प्रतिष्ठान | के.आई.सिंह गा.पा.-४ | ७३६-२०८०/१०/११ | राम सिं वि.क. | शहिद परिवार तथा गरिब समुदायको नेतृत्व विकास, पर्यटकीय स्थलहरूको पहिचान सम्बर्धन र सीपमूलक कार्यक्रमहरू | २०८१ आषाढसम्म | |
| १६ | कोनटान युवा अभियान | कोनटान कुदिवाल गा.पा.-३ | ७३७-२०८०/११/१४ | उज्वल रावल | प्राकृतिक, भौगोलिक विविधताको संरक्षण, असहायहरूको संरक्षण र स्थानीय स्रोत साधनहरूको | २०८१ आषाढसम्म | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | अधिकतम परिचालन | |
| १७ | श्री तेर्डी देवता संरक्षण समिति | शिखर न.पा.-११ | ७३८-२०८०/११/२२ | देव बहादुर बलायर | धर्म र संस्कृतिको संरक्षण | २०८१ आषाढसम्म |
| १८ | चंदेउला देवता व्यवस्थापन समिति | जोरायल गा.पा.-४ | ७३९-२०८०/१२/०३ | किसनराज खड्का | चंदे देवताको मन्दिर क्षेत्रको संरक्षण र संस्कृतिको संरक्षण | २०८१ आषाढसम्म |
| १९ | अधिकारका लागि महिला संघ | के.आई.सिंह गा.पा.-४ | ७४०-२०८०/१२/०८ | प्रमिला परियार | समुदायको उत्थानको लागी कार्यक्रमहरु संचालन, सामाजिक न्याय कायम गर्न, क्षमता अभिवृद्धि | २०८१ आषाढसम्म |
| २० | बलायर समाज | शिखर न.पा.-१० | ७४१-२०८०/१२/२८ | प्रेम बहादुर बलायर | बलायर जातिको इतिहास खोजी, वृद्धाश्रम अनाथालय स्थापना, जेहेन्दार गरिब छात्रवृत्ति, पर्यावरण संरक्षण र एम्बुलेन्स सेवा | २०८१ आषाढसम्म |
| २१ | श्री गोलेश्वरी मालिका पर्यटकीय क्षेत्र विकास समिति | सायल गा.पा.-६ | ७४२-२०८१/०१/१३ | रमेश बहादुर साउद | पर्यटकीय स्थलको रुपमा विकास गर्ने, हिन्दूधर्म र अन्य धर्मको बिच सद्भाव र भाइचाराको विकास गर्ने, जीवनस्तर उकास्न आयआर्जनको कार्यक्रमहरु संचालन गर्ने | २०८१ आषाढसम्म |
| २२ | केदार युवा सेवाकुञ्ज क्लब | बडिकेदार गा.पा.-४ | ७४३-२०८१/०२/०६ | चक बहादुर मल्ल | महिला, बालबालिका तथा विद्यार्थीको वर्गको लागी सचेतनामूलक कार्यक्रम, खेल संस्कारको विकास गर्ने र युवाहरुलाई कुलतबाट बचाउने । | २०८१ आषाढसम्म |
| २३ | श्री भुवनेश्वरी दुर्गा देवी मन्दिर | आदर्श गा.पा.-३ | ७४४-२०८१/०२/१३ | चन्द्र कुमार जोशी | पर्यटन प्रवर्धन गर्ने तथा संस्कृति संरक्षण गर्ने, मन्दिरमा नियमित पुजा पाठ गराउने र मन्दिरको संरक्षण गर्ने | २०८१ आषाढसम्म |
| २४ | सीताराम | शिखर न.पा.- | ७४५- | लाल | गरिब विद्यार्थीहरुको | २०८१ |

प्र.जि.अ.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माध्यमिक विद्यालय पूर्व विद्यार्थी समाज | ७ | २०८१/०२/१४ | बहादुर कठायत | एकता सद्भाव अभिवृद्धि, विद्यालयको शैक्षिक गुणस्तर सुधार र जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान | आषाढसम्म | |
| २५ | श्री विद्यार्थी भलाई कोष | खाँडाचक्र न.पा.-३ | ३७६-२०८१/०२/२२ | सिद्ध बहादुर सिंह | शिक्षाको पहुँच बढाउने, भौगोलिक रूपमा विद्यालयको पहुँचबाट टाढा रहेकालाई सहजीकरण | २०८१ आषाढसम्म | |
| २६ | दलित कला बहादुर बोगटी स्मृति प्रतिष्ठान | पलाता गा.पा.-४ | ३७७-२०८१/०२/२७ | धन बहादुर बोगटी | मुक्ताका दलित लक्षित कार्य, पिछडिएका तथा विपन्न वर्गका समुदायहरुको स्वास्थ्य अवस्था सुधार र युवाहरुको आधारभुतशिक्षा स्तरमाको अवस्थामा सुधार ल्याउने | २०८१ आषाढसम्म | |
| २७ | देवी मन्दिर क्षेत्र विकास समिति | ति.गु.न.पा.-९ | ३७८-२०८१/०२/३१ | पदम बहादुर साउद | देवी मन्दिरको प्रचार प्रसार, धार्मिक परम्पराको संरक्षण र सम्बर्द्धन गरी र नैतिकताको विकास गर्ने । | २०८१ आषाढसम्म | |

३.४ संस्थाको नविकरण विवरण

जिल्ला प्रशासन कार्यालयमा नियमसंगत दर्ता भएका संस्थाहरुले हरेक आर्थिक वर्षहरुमा नविकरण गर्नु पर्ने व्यवस्था अनुरुप गैर सरकारी संस्थाहरु नविकरण हुँदै आएका छन । चालु आर्थिक वर्ष २०८०-०८१ मा यस जिल्लामा क्रियाशील गैरसरकारी संस्थाहरु मध्य जम्मा ५७ वटा संस्थाहरुले नविकरण गरेका छन । नविकरण भएका संस्थाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | संस्थाको नाम | ठेगाना | अध्यक्षको नाम | नविकरण अवधि |
|---|---|---|---|---|
| १ | मोहन्याल दुर्गतिविहिन [illegible] समाज | खाँडाचक्र न.पा.-२ | [illegible] | २०८१ असार सम्म |
| २ | एकताको ज्योतिमालो-सक्षम विद्यार्थी समाज | ति.गु.न.पा.-६ | सन्तोष बोहरा | २०८१ असार सम्म |
| ३ | सैना युथ क्लब | पलाता गा.पा.-३ | | २०८१ असार सम्म |
| ४ | तिलागुफा दलित नेटवर्क | तिलागुफा न.पा.-८ | | २०८१ असार सम्म |
| ५ | वातावरण तथा मानव संसाधन विकास समाज | | | २०८१ असार सम्म |

प्र.जि.अ.

| | | | | |
|---|---|---|---|---|
| | सेवा (सोर्स नेपाल) | | | |
| ६ | सामाजिक पहुँच विकास तथा अभियानका लागि चेतना अधिकार केन्द्र | सायल गा.पा.-३ | | २०८१ असार सम्म |
| ७ | लाली गुराँस युवा क्लब | जोरायल गा.पा.-६ | | २०८१ असार सम्म |
| ८ | सिरीली महिला विकास समाज | जोरायल गा.पा.-६ | | २०८१ असार सम्म |
| ९ | श्री घण्टेश्वर देवल धार्मिक तथा पर्यटन विकास समिति | | भिम ब. बडै | २०८१ असार सम्म |
| १० | शिखर महिला समाज | शिखर न.पा.-८ | आशा वि.क. | २०८१ असार सम्म |
| ११ | न्यायिका शक्ति संचार | के.आई.सिंह गा.पा.-४ | मोहन शाही | २०८१ असार सम्म |
| १२ | त्रिवेणी मिडिया नेटवर्क | दि.सि.न.पा.-६ | खगेन्द्र ब. सिंह | २०८१ असार सम्म |
| १३ | श्री देवी एकवार मन्दिर विकास समिति | | दिल ब. सिंह | २०८१ असार सम्म |
| १४ | सामुदायिक विकास मञ्च नेपाल | | महक राज शर्मा | २०८१ असार सम्म |
| १५ | उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च | दि.सि.न.पा.-६ | टिका नेपाली | २०८१ असार सम्म |
| १६ | सामुदायिक विकास केन्द्र | शिखर न.पा. १ | हेमराज जोशी | २०८१ असार सम्म |
| १७ | डोटी उ.वा.संघ | दि.सि.न.पा.-७ | मोहन ब. कार्की | २०८१ असार सम्म |
| १८ | इन्द्रिका देवी ठकुराणी दल | शिखर न.पा.-४ | प्रतिमा शाही | २०८१ असार सम्म |
| १९ | ग्रामीण सा.वि.मं. | शिखर न.पा.-४ | गिरीराज पन्त | २०८१ असार सम्म |
| २० | शिवनाथ जोशी स्मृति प्रतिष्ठान | के.आई.सिंह गा.पा.-३ | भोजनाथ जोशी | २०८१ असार सम्म |
| २१ | जन विकास केन्द्र | दि.सि.न.पा.-६ | अधिराज वि.टी. | २०८१ असार सम्म |
| २२ | समाज सेवा डोटी | दि.सि.न.पा.-६ | विजय राज ऐड | २०८१ असार सम्म |
| २३ | डिम्लेख सशक्तिकरण केन्द्र | पूर्वीचौकी गा.पा. २ | टिका नेपाली | २०८१ असार सम्म |
| २४ | संचार विकास नेपाल | | मनोज ब. जोशी | २०८१ असार सम्म |
| २५ | महेन्द्र सामाजिक सभा | शिखर न.पा.- १ | पुष्पराज पन्त | २०८१ असार सम्म |
| २६ | शिलास्थान युवा क्लब | दि.सि.न.पा.-६ | विकास मल्ली | २०८१ असार सम्म |
| २७ | महेन्द्र नागरिक हित संघ | दि.सि.न.पा.-६ | सुरेन्द्र ब. ऐड | २०८१ असार सम्म |
| २८ | श्री सिद्धराज ओझा स्मृति प्रतिष्ठान | | सुनिल घर्ति | २०८१ असार सम्म |
| २९ | एकिकृत सामाजिक विकास समूह | | जय ब. अडायत | २०८१ असार सम्म |
| ३० | दिगो विकास समाज, नेपाल | | कृष्ण ब. लुहार | २०८१ असार सम्म |
| ३१ | युवाशक्ति विकास समाज नेपाल | | लक्ष्मण ब. खड्का | २०८१ असार सम्म |
| ३२ | श्री केदार विकास समाज नेपाल | | गणेश राज जोशी | २०८१ असार सम्म |
| ३३ | समान पहुँच विकास केन्द्र | | पैलराज जोशी | २०८१ असार सम्म |

प्र.जि.अ.

| | | | | |
|---|---|---|---|---|
| ३४ | ग्रामिण समुदाय विकास केन्द्र (१९९१) | | हिक्मत ब. मल्ल | २०८१ असार सम्म |
| ३५ | | | | २०८१ असार सम्म |
| ३६ | गरिमा समाज नेपाल | | | २०८१ असार सम्म |
| ३७ | दलित महिला संघ | दि.सि.न.पा.-६ | सरिता दमाई | २०८१ असार सम्म |
| ३८ | समाज म. मञ्च नेपाल | दि.सि.न.पा.-४ | शारदा बिष्ट | २०८१ असार सम्म |
| ३९ | सिमाना मा. ना. संघ | दि.सि.न.पा.-६ | घनश्याम पाठक | २०८१ असार सम्म |
| ४० | शिखर समाज संघ | शिखर न.पा.-६ | काशीनाथ जोशी | २०८१ असार सम्म |
| ४१ | नारी जागरण मंच | दि.सि.न.पा.-७ | | २०८१ असार सम्म |
| ४२ | नेपाल एकिकृत वि. समाज निड्स नेपाल | दि.सि.न.पा.-६ | यशोदा शाह | २०८१ असार सम्म |
| ४३ | समाज विकास केन्द्र | जोरायल गा.पा.-६ | काली बोहरा | २०८१ असार सम्म |
| ४४ | लाली गुराँस एकता समाज | | | २०८१ असार सम्म |
| ४५ | मौरा पर्व प्रवर्धन वि. समिति | के.आई.सिं. गा.पा. | | २०८१ असार सम्म |
| ४६ | मस्तु महादेव तथा पर्यटन क्षेत्र विकास समिति | | | २०८१ असार सम्म |
| ४७ | दलित उत्थान समूह | पूर्वीचौकी गा.पा.-५ | | २०८१ असार सम्म |
| ४८ | ग्रामिण विकास सेवा केन्द्र | शिखर न.पा. – ८ | टेक ब. बलायर | २०८१ असार सम्म |
| ४९ | शिखर नगर उद्योग वाणिज्य संघ | शिखर न.पा.-६ | टेक ब. बोहरा | २०८१ असार सम्म |
| ५० | समता मिडिया सेन्टर | दि.सि.न.पा.-६ | मिलन परियार | २०८१ असार सम्म |
| ५१ | पञ्चमुखी महादेव मन्दिर संरक्षण समिति | दि.सि.न.पा.-४ | शंकर ब. कठायत | २०८१ असार सम्म |
| ५२ | नयाँ युवा मया स्रोत सेवा समाज, नेपाल | दि.सि.न.पा.-६ | मुकुन्द बिष्ट मई | २०८१ असार सम्म |
| ५३ | शिखर महिला सहारा | शिखर न.पा.-८ | शान्ती देवी शाही | २०८१ असार सम्म |
| ५४ | इन्टरनेशनल एशोसियसन अफ स्टुडेन्ट्स इन एग्रीकल्चर एण्ड रिलेटेड साइन्स नेपाल | दि.सि.न.पा.-६ | प्रदिप बोहरा | २०८१ असार सम्म |
| ५५ | श्री मुडी समाज नेपाल | दि.सि.न.पा.-२ | सुरेन्द्र महती | २०८१ असार सम्म |
| ५६ | सांस्कृतिक पर्यटन विकास नेपाल | | तेज ब. ढुंगेल | २०८१ असार सम्म |
| ५७ | डोटी टेमि इक्युपमेण्ट | | | २०८१ असार सम्म |
| ५८ | बड्डाना क्षेत्र विकास समिति | सायल गाउँपालिका-५ | बहादुर साउँद | २०८१ असार सम्म |

३.५ संस्था खारेजी विवरण

जिल्ला प्रशासन कार्यालय डोटीमा दर्ता भइ लामो समयसम्म निष्कृय रही दर्ता खारेजी गर्न निश्चित मापदण्ड पुरा गरी दर्ता खारेजीको प्रकृयामा जानसक्ने कानूनी प्रावधान अनुसार चालु आर्थिक वर्ष २०८०-०८१ सम्म ४३२ वटा संस्थाहरु खारेज भएका छन् । यसरी दर्ता खारेज गर्न चाहने संस्थाले संस्था दर्ता खारेज गरिपाउँ भनी विशेष साधारण सभाको संस्था खारेज गर्ने निर्णय, लेखा परिक्षण प्रतिवेदन

लेखापरिक्षकद्वारा तयार पारिएको संस्थाको सम्पत्ति तथा दायित्व फरफारकको प्रतिवेदन, विधानको प्रति तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहितका कागजातहरुका आधारमा आवश्यक जानबुझ गरी उल्लेखित संस्थाहरु खारेज गरिएका हुन् । हालसम्म खारेज भएका संस्थाहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | विवरण | जम्मा संख्या | अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | खारेज भएका जम्मा संस्था संख्या | ४३२ | हालसम्म | चालु आ.व.मा ३ वटा संस्था खारेज भएको । |

४. संस्था सम्बन्धी कार्य गर्न आवश्यक कागजातहरु

४.१ नयाँ संस्था दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

क. भेलाको निर्णयको प्रतिलिपि-१

ख. प्रारम्भिक भेलाको प्रस्तावित पदाधिकारी चयन गरेको निर्णयको प्रतिलिपि -१

ग. प्रस्तावित पदाधीकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि १/१ प्रति

घ. दर्ता गर्ने संस्थाको प्रस्तावित प्रमाणीत विधानको प्रतिलिपि- ३

ङ. सम्बन्धीत वडा कार्यालयको सिफारिस - १

च. अनुसूचि अनुसार निवेदन- १

छ. गैर सरकारी संस्था महासंघको सिफारिस - १

४.२ संस्था नविकरण गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

क। सम्बन्धित वडा कार्यालयको सिफारिस - १

ख। संस्थाको निवेदन - १

ग। करचुक्ता प्रमाण पत्र

घ। अडिट प्रतिवेदन

ङ। वार्षिक प्रगती विवरण

४.३ संस्थाको विधान संशोधनका लागि आवश्यक पर्ने कागजातहरु

क। साधारण सभाको निर्णय

ख। संस्थाको विधान संशोधन गर्न प्रयोग हुने ३ महले फाराम

## संस्थाको बिधान संशोधन गर्न प्रयोग हुने ३ महले फारमको ढाँचा

संस्थादर्ता नं.:
दर्ता भएको मिति:

संस्थाको नाम :
संस्थाको ठेगाना

साधारण सभा भएको मिति :
संस्थाको जम्मा साधारण सदस्य संख्या:

उपस्थित सदस्य संख्या :

| क्र.सं. | विधानमा भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | | |

४.४ संस्था शाखा विस्तार तथा शाखा खोल्दा आवश्यक पर्ने कागजातहरु:

क) बिधानको प्रतिलिपि - १

ख) कार्य कारी समितिको निर्णय - १

ग) सम्बन्धित गा.पा./न.पा.को सिफारिस - १

प्र.जि.अ.

-- समाप्त --